## प्रेस विज्ञप्ति

### हिमाल इन्टरनेशनल इनर्जीले भोटेकोशीको थप १० प्रतिशत शेयर खरीद गऱ्यो ।

**मार्च २८, २००७ (२०६३ चैत्र १४) -** भोटेकोशी पावर कम्पनी प्रा.लि.मा ७५ प्रतिशत शेयर स्वामित्व भएको हिमाल इन्टरनेशनल इनर्जी प्रा.लि.ले इन्टरनेशनल फाईनान्स कर्पोरेशनको भोटेकोशी पावर कम्पनी प्रा.लि.मा रहेको १० प्रतिशत शेयर खरीद गरेको छ । सो कारोवार मार्च २८, २००७ (२०६३ चैत्र १४) मा सम्पन्न भएको हो ।

उक्त कारोवार सम्पन्न भए पछि हाल भोटेकोशी पावर कम्पनी प्रा.लि.मा हिमाल इन्टरनेशनल इनर्जी प्रा.लि. र यसको भगिनी कम्पनी हिमाल इन्टरनेशनल पावर कर्प प्रा.लि.को समेत गरी ९५ प्रतिशत शेयर स्वामित्व कायम भएको छ । अमेरीकन इन्जिनियरिङ्ग कम्पनी मोन्टगोमेरी वाट्सन हार्जा (Montgomery Watson Harza) को स्वामित्वमा रहेको आर डि सि अफ नेपाल (RDC of Nepal) को भोटेकोशी पावर कम्पनी प्रा.लि.मा ५ प्रतिशत शेयर स्वामित्व भने कायमै छ । इन्टरनेशनल फाईनान्स कर्पोरेशन (IFC) र डि इ जि (DEG), कम्पनीका प्रमूख ऋणदाताको रुपमा यथावत रहेका छन् ।

शेयरधनीहरु बीचको सम्झौता अनुसार भोटेकोशी पावर कम्पनी प्रा.लि.मा रहेको पण्डा अफ नेपालको शेयर गत बर्ष हिमाल इन्टरनेशनल इनर्जी प्रा.लि.ले खरीद गरे पछि कम्पनीको नियन्त्रणमा भएको परिवर्तनको कारण इन्टरनेशनल फाईनान्स कर्पोरेशनले Put Option को प्रयोग गरी भोटेकोशी पावर कम्पनी प्रा.लि.मा रहेको आफ्नो शेयर बेचेको हो । इन्टरनेशनल फाईनान्स कर्पोरेशन र हिमाल इन्टरनेशनल इनर्जी प्रा.लि. बीच शेयर खरिद बिक्री सम्झौता गत मार्च २००६ मा नै सम्पन्न भै सकेको थियो ।

**भोटेकोशी पावर कम्पनी बारे**
भोटेकोशी पावर कम्पनी प्रा.लि. सिन्धुपाल्चोक जिल्लामा अवस्थित जनवरी २००१ बाट संचालनमा आएको ३६ मेघावाट क्षमताको रन अफ दी रिभर बिद्युत परियोजना हो । ९ करोड ८० लाख अमेरीकी डलरको लागतमा निर्मित यस परियोजनाले बिद्युत खरिद सम्झौता अर्न्तगत नेपाल बिद्युत प्राधिकरणलाई बिद्युत बिक्री गर्दछ । हाल भोटेकोशी नेपालको स्वतन्त्र निजी बिद्युत उत्पादकहरु मध्यको अग्रणी कम्पनी हो । भोटेकोशी पावर कम्पनी प्रा.लि.को व्यवस्थापन हाल तारा म्यानेजमेन्ट प्रा.लि.बाट भै राखेको छ ।

थप जानकारीको लागि सम्पर्क:

ओम बहादुर क्षेत्री
हेड -कर्पोरेट सेक्रेटरियल एण्ड लिगल
तारा म्यानेजमेन्ट प्रा.लि.
फोन: ९७७-१-५५५५७०७
ईमेल: ob.chhetri@taramanagement.com.np

पोष्ट बक्स नं. १५१५३, कालीमाटी, ताहाचल, नेपाल
फोन: ९७७-१-४२८१६५८, ४२८१६५९, ४२७००२७
फ्याक्स: ९७७-१-४२७३५१६
वेभसाईट: www.bhotekoshi.com